आइतवार, जेष्ठ १७, २०६६ (Sunday, 31st May 2009)

# विश्व प्रार्थना दिवस

विश्व प्रार्थना दिवस जेष्ठ १७, २०६६ (31st May 2009) आइतवार विश्वका झण्डैं २२० राष्ट्रहरु एकैसाथ प्रार्थना गरिदै छ । उक्त दिन हाम्रो देश नेपाल र विश्वको लागि प्रार्थना गर्दै विश्वका इसाई मण्डलीसंग विश्व प्रार्थनामा ऐक्यवद्धता जनाऔं । यस दिन तपाई र तपाईको मण्डली तथा संस्थाले सामुहिक तथा व्यक्तिगत रुपमा प्रार्थना गर्न सक्नुहुनेछ । कार्यक्रम तथा विस्तृत जानकारीको लागि टेलिफोन नं.: ५५३०२५६ मा सम्पर्क गर्नुहोला वा www.globaldayofprayer.com मा हेर्नुहोला । कृपया तपाईको मण्डलीमा यस विश्व प्रार्थना दिवसको बारे जानकारी गराई प्रार्थना गर्न उत्साह जगाइदिनुहोला । धन्यवाद !

***हे हाम्रा पिता, जो स्वर्गमा हुनुहुन्छ, तपाईंको नाउँ पवित्र होस् । तपाईंको राज्य आओस तपाईको इच्छा स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा पूरा होस् । हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस् । हाम्रा अपराध क्षमा गर्नुहोस् । जसरी हामीले आफ्ना अपराधीहरुलाई क्षमा गरेका छौं । हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् । किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईकै हुन्, आमिन् । मत्ती ६:९-१३***

**प्रार्थनाका विषयहरु**

१. **धन्यवाद र प्रशंसा: - (भजनसंग्रह ९५:१-६)**

परमेश्वरको महानता, प्रभुत्व र जिउँदो उपस्थितिलाई स्वीकार गर्दै नेपाली मण्डलीमा र देशमा परमेश्वरले गर्दै आउनु भएको कार्यहरुको लागि परमेश्वरलाई धन्यवाद र प्रशंसा (नेपालमा आधा शताब्दी आगाडि सुसमाचारको ढोका खुलेको र मण्डली बृद्धि, २०६२ मा आन्तरिक युद्ध बिराम, देश धर्म निरपेक्ष घोषणा भएको, शान्तिपूर्ण रुपले संविधानसभाको चुनाव सम्पन्न, खीष्टमसलाई राज्यले राष्ट्रिय पर्वको रुपमा मान्यता दिएको, देश प्रजातान्त्रिक गणतन्त्र घोषणा भएको, संघर्ष तथा अस्थिरताको बावजुत शान्ति प्रकृया र संविधान लेख्ने प्रकृया अगाडि बढ्दै गरेको लागि आदि)

२ **अन्धकारको शक्ति विरुद्ध प्रार्थना:** २ कोरन्थी १०: ३-५) : अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरु, किल्लाहरु आदिको बिरुद्धमा प्रार्थना गर्ने ।

३. **पश्चतापको प्रार्थना:** (नहेम्याह:१:५-७) व्यक्तिगत पाप, इशाई मण्डलीको पाप, देशको पाप तथा अधार्मिक कामको लागि पश्चातापको प्रार्थना तथा अर्जविन्ती गर्ने र परमेश्वरसंग क्षमा माग्ने ।

४. **देशकोलागि प्रार्थना:** (१ तिमोथी २:१-३)

क) स्थिर राजनीतिक परिस्थिति तथा स्थिर सरकार छिट्टै गठन भइ देशलाई असल तथा शान्तिपूर्ण शासन सहित लोकतान्त्रिक तथा जनमुखि नयाँ संविधानको निर्माण गर्न ।

ख) देशमा राजनीतिक गतिरोध, समस्या, अस्थिरता, द्वन्दको पूर्णसमाधान भई स्थायी शान्ति, समृद्धी, जातिय मेलमिलाप र राष्ट्रको उन्नतीको लागि ।

ग) प्रधानमन्त्री, मन्त्रीमण्डल, विभिन्न प्रशासनिक, शुरक्षा तथा न्यायिक पदाधिकारी, सांसद, सवै राजनीतिक दलका नेताहरु, नागरिक समाज तथा मानव अधिकारका अगुवाहरु सवैमा एकता, मेलमिलाप र परमेश्वरबाटको ज्ञान-बुद्धीमा भ्रष्टाचार रहित सुशासनको लागि ।

५. **नेपाली मण्डलीको लागि प्रार्थना:** (युहन्ना १७: २०-२३)

क) मण्डली र संघ-संस्थाहरु विचमा आत्मिक एकताको साथै प्रार्थनाको जोश र जागृतिको लागि

ख) धर्म निरपेक्ष र धार्मीक स्वतन्त्रता कायम रहोस्

ग) झुटा शिक्षाको प्रभावबाट जोगिन

६. **सामाजिक समस्याहरुको लागि प्रार्थना:** (यशैया ५८:३-९)

क) अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, ब्यभिचार जस्ता सामाजिक अपराधहरु रोकिनको लागि

ख) बाढी, पैरो, भूकम्प, आगलागि आदि जस्ता प्राकृतिक प्रकोपहरुको नियन्त्रण होस् र यस्ता घटनाहरुबाट पीडीतहरुको उद्दार, राहत तथा पून-स्थापना हुन सकोस ।

ग) नेपाली युवा-युवतीहरु लागु पदार्थको दुर्व्यशनमा नफसुन, तर प्रगतिशिल कार्यमा जुटन सकोस साथै तिनीहरुको बेरोजगारी समस्याहरुको समाधानको लागि ।

घ) नेपाली चेलिबेटीहरु बेचबिखन रोकियोस ।

७. **सु-समाचार र जागृतिको लागि प्रार्थना :-** (योएल २:२८-३२)

क) देशको निम्ति प्रार्थनाको आगो देशभरीका प्रत्येक मण्डलीमा सल्किन सकोस र जागृति आओस् ।

ख) सु-समाचार पुग्न नसकेको र मण्डली स्थापना हुन नसकेको विभिन्न गाउँ समुदाय र जातिहरुको बीचमा एक गाँउ- एक मण्डली - एक तालीम प्राप्त अगुवा निर्माणको लागि ।

ग) प्रवासी नेपाली विच सुसमाचार कार्य र मण्डलीको वृद्धि हुन सकोस ।

८. **अरु देशहरुको निम्ति प्रार्थना:** - (मर्कुश ११:१७)

क) विश्वको विभिन्न मुलुकमा भैरहेको द्वन्द्व, युद्ध तथा संकष्टमा रहेका राष्ट्रहरुमा शान्ति स्थापनाको साथै अन्तर्राष्ट्रिय आतङ्कवादी कृयाकलापहरु नियन्त्रण होस् ।

ख) सुसमाचार पुग्न र फैलन नसकेको राष्ट्रहरुको लागि ।

ग) यरुशलेम र इस्रायलीको शान्ति र उदारको लागि ।

९. **परमेश्वरको प्रतिज्ञाको दाबी र घोषणा:- हाग्गै २:४-९, मर्कुस ११:२४ (वचनहरुको छनोट तपाई आफै पनि गर्न सक्नुहुनेछ)**